This Question Paper consists of 15 questions and 7 printed pages.

Roll No. | | | | | | | | | | | | |

**Code No. 58/AS/4/N**

**Set - A**

# NEPALI
# नेपाली
# (231)

**Day and Date of Examination** ____________________

**Signature of Invigilators** 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **58/AS/4/N-A** लेख्नुहोस् ।

# NEPALI

# नेपाली

# (231)

**समय : 3 घण्टा** **पूर्णाङ्क : 100**

**निर्देश : सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रत्येक प्रश्नको अङ्क छेउमा दिइएको छ ।

1 तलका प्रश्नहरूका **चार** विकल्पहरू माझ सही विकल्पलाई उत्तर–पुस्तिकामा चिह्नित गर्नु पर्छ : **1×6=6**

(i) भानुभक्तले आरम्भ गरेको रामनामको काव्यलाई अघि बढ़ाउने कवि थिए ?

(A) रघुनाथ (B) यदुनाथ

(C) मोतीराम (D) बसन्त

(ii) 'गोरखाली जाति' कवितामा कति पद छन् ?

(A) आठ (B) नौ

(C) दस (D) बीस

(iii) 'पूर्वको सन्देश' को आशय हो

(A) अन्याय र शोषण (B) स्वागत, विदाई

(C) सत्य, प्रेम, अहिंसा, शांति (D) विवेक, विद्या, बुद्धि, धर्म

(iv) चियाबारीका श्रमिकहरूले चियाबारीका मालिक वर्गसङ्ग के गरे ?

(A) निवेदन (B) उपहास

(C) प्रार्थना (D) सङ्ग्राम

(v) 'आमा' कविता हो

(A) छन्दबद्ध (B) छन्दमुक्त

(C) चम्पू (D) गद्यगीत

(vi) ''बन्दैन मुलुक दुइ–चार सपूत मरेर न गए'' काव्य पङक्तिमा 'मुलुक' को अर्थ हो ?

(A) समाज (B) राष्ट्र

(C) परिवार (D) गाउँ

2 तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् : 1×5=5

(क) 'भक्तमाला' कवितामा कतिवटा पद हुन् ?

(ख) ''अर्कैको भाषा पहिरन सबैको मन पर्ने–'' काव्य – पङक्तिभा 'पहिरन' भनेको के हो ?

(ग) माधवप्रसाद घिमिरेका कविताहरूको मूल आधार के हो ?

(घ) 'आँसु' काव्य–सङ्गलनका रचयिता के हुन् ?

(ङ) ''कंस वृत्तिलाई ध्वंश गराउने''मा कुन् अलङ्कार छ ?

3 निम्नलिखित कुनै **एक** पद्यांशको सप्रसंग व्याख्या लेख्नुहोस् : 5

(क) यी तृषित नयन र कर्ण विवरहरू

जैतनका हाँगा सम्झी मुस्काउन सकून्, ढुक्क हुन सकून्

अहिले विदा अब ! अहिले विदा अब !!

(ख) निद्रा सुसारे छ अपूर्व सुंदरी

जादू छ उसको सपना मीठो सरी

संसार बिर्सन्छु म अङ्कमालमा

भारछे बिहानै लजिली मनोरमा ।

4 निम्नलिखित कुनै **तीन** प्रश्नहरूको उत्तर **25** शब्दभित्र लेख्नुहोस : 3×3=9

(क) 'अविश्वासी चोला कति रहन जाला बिति गया' को अर्थ के हुन्छ ?

(ख) 'गोरखाली जाति' कवितामा अर्जुन को वाणसित कविले कसलाई तुलना गरेका छन् र किन ?

(ग) मानवमा के कस्तो गुण हुनुपर्छ भनेर कविले भनेका छन् ?

(घ) 'एउटा चिट्ठी परेवालाई' कविताको भाषावारे टिप्पणी लेख्नुहोस् ।

5 तलका प्रश्नहरूको **चार** विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफनो उत्तर–पुस्तिकामा लेख्नुहोस् : **1×6=6**

(i) 'नेपालीः सरकारी कामकाजका भाषा' कुन् साहित्य विधाको अन्तर्गत हो ?

(A) कथा (B) कविता

(C) एकाङ्की (D) निबन्ध

(ii) एभरेस्टको उचाइ कति हो ?

(A) 27802 फीट (B) 28803 फीट

(C) 29002 फीट (D) 29902 फीट

(iii) 'भूँडी' कष्तो रचना हो ?

(A) दार्शनिक (B) वैज्ञानिक

(C) व्यङ्ग्यात्मक (D) उपदेशात्मक

(iv) 'सुप्रदीप्त मान्यवर तैञ्जिङ शेर्पा' निबन्धको प्रकार हो

(A) विवरणात्मक (B) वर्णनात्मक

(C) आत्मपरक (D) उपदेशात्मक

(v) 'मृगतृष्णा' कथा – सङग्रहमा विशेष प्रतिनिधित्व गरेका पाइन्छ

(A) हिमाचल प्रदेश (B) सिक्किम

(C) दार्जीलिंग (D) जम्मू कश्मीर

(vi) "बुझिस, यही कुकुर नै मानिसकोनिस्वार्थ मित्र हो" – कसले भनेको हो ?

(A) प्रदीपले (B) सुखबीरले

(C) हरिवाजेले (D) नोकरले

6 तलका प्रश्नहरूको सङ्क्षेपमा उत्तर लेख्नुहोस् : 1×7=7

(i) एडटा अपरिचित मान्छेलाई सिपाही भन्न कस्तो सजिलै सकिन्छ ?

(ii) पर्वतारोहीहरू पर्वत चढदा के लिएर जान्छन् ?

(iii) 'नासो' कथामा कसलाई 'दुलही' भनिएको छ ?

(iv) 'निबन्ध' शब्दमा 'नि' को अर्थ के हो ?

(v) पत्रलेखन कति प्रकारका हुन्छन् ?

(vi) परिवारको विस्तृत जानकारी कुन तालिकाबाट पाइन्छ ?

(vii) मौखिक वा मुखले भनेका कुरा के हुँदैनन् ?

7 निम्नलिखित गद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

सङ्गीतद्वारा परमेश्वर पाइन्छ भन्ने हाम्रो साधारण भनाइछ, किनकि त्यहाँ सौन्दर्यचेतको विकाश छ । तत्वहरू जीवनलाई शाम्य, सङ्गति, आकार, लय र शब्दहरूमा आधारित गरेर जीवनको मूल आधारको चेतनिर पुन्याइहेछन् ।

**अथवा**

उसको संयम टूट्यो – धैर्य अब गर्न सकिना उ तयार भई औ खूब आँट गरेर पल्लो घरतिर खुट्टा बढ़ाई । कुन जोशले, कुन आँटले उ त्यता बढिरहेकी थिई त्यो पनि सोचिन औ त्यो घरभित्र पसी ।

8 निम्नलिखित कुनै चारवटा प्रश्नको उत्तर लेख्नुहोस् : 3×4=12

(क) नेपाली भाषालाई किन प्रत्येक कार्यालयमा प्रयोग आवश्यक हो ?

(ख) 'त्रिकोण' एकाङ्कीको सुखबीरका चरित्र–चित्रण प्रस्तुत गर्नुहोस् ।

(ग) 'मृगतृष्णा' का पात्र–पात्राहरूको चित्रण गर्नुहोस् ।

(घ) 'नासो' कथाको उद्देश्य स्पष्ट गर्नुहोस् ।

(ङ) 'बेलामा' निबन्धको भाषा–शैलीवारे लेख्नुहोस् ।

(च) 'पद्मा' कथाबाट पाइने शिक्षा उल्लेख गर्नुहोस् ।

9 “मानवजीवनमा साहित्यको महत्त्वपूर्ण स्थान छ” – ‘जीवन र साहित्य’ पाठानुसार कथनलाई सिद्ध गर्नुहोस् । **5**

**अथवा**

‘भुँडी’ को भाषा–शैलीका सोदाहरण विवेचन गर्नुहोस् ।

**10** निम्नलिखित पद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : **2+2+1=5**

त्यै ताकाताक, सेखी, सनक, सकल,
त्यै बास बस्ने प्रयास
तेही चौका–चुलहाको गड़बढ़ सबको
त्यै अमिलदो मिजास ।
त्यै भित्री नेत्र चिम्ली तरह तरहले
घुर्र घुर्ने झमेला

(i) ‘त्यै’, ‘तेही’ शब्दबाट कुन अर्थबोध हुन्छ ?

(ii) कविले कुन शब्दबाट केलाई केसित तुलना गरेका छन् ?

(iii) किन गड़बड, भइरहेको हुन्छ ?

**11** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : **1+2+2=5**

वर्तमान समय धनको हो । जहाँ धन छ त्यहाँ सम्पूर्ण कुरा सम्भव हुन्छ । संसारमा जुन देश धनी छ त्यही नै शक्तिशाली हुन्छा जस्तो अहिले अमेरिका । अमेरिकाले इराकलाई हराएर त्यहाँको राष्ट्रपति सद्दाम हुसेनलाई लितिपिति पारयो, आखिरमा मारिछाड्यो तर कसले के बोलन सक्लो रा उल्टा अरू देश इङ्गल्याण्ड, फ्रान्स पनि खनिए । संसारमा मानिसहरू ‘जता मलछु उतै ढल्कु’ हुन्छा धनीपहि सबै लाग्छन् । भनिन्छ, धन छ भने कानून पनि किन्न सकिन्छ । यसैले अब संसारमा असम्भव के रह्यो र ! धनको सहायताले ठूलठूला पहरा तोड़ेर बाटो बनाइन्छ ।

(i) यस अवतरणमा प्रयुक्त एउटा वाग्धारा लेख्नुहोस् ।

(iii) धनको महत्ववारे सङ्क्षिप्त टिप्पणी लेख्नुहोस् ।

(iii) अतीतमा धनको के महत्व थियो, कल्पना गरी उत्तर दिनुहोस् ।

12 निर्देशानुसार उत्तर दिनुहोस् : 1×10=10

(i) समासको नाम लेख्नुहोस् – महकाव्य, दम्पति

(ii) विपरीतार्थक शब्द लेख्युहोस् – आदि, गुरू

(iii) 'पुस्तक' शब्दका दुइ पर्यायवाची लेख्नुहोस् ।

(iv) 'अन' उपसर्ग प्रयोग गरी दुइ शब्द बनाउनुहोस् ।

(v) 'उल्लंघन' अनि 'विद्याश्रम'का सन्धिविच्छेद गर्नुहोस् ।

(vi) 'इक' प्रत्यय जोड़ेर दुइ शब्द बनाउनुहोस् ।

(vii) 'कुरा खानु' वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(viii) सार शब्द बताउनुहोस् – जसको कोही शत्रु छैन ।

(ix) शब्द–शक्ति कति प्रकारका हुन् ?

(x) अनल/अनिल जोड़ी शब्दको अर्थ स्पष्ट गर्नुहोस् ।

13 निम्नलिखित कुनै **एक** को भाव विस्तार गर्नुहोस् : 5

(क) नाच्न जान्दैन आँगन टेड़ो

(ख) सेवा गर मेवा फलछ ।

14 छात्रावासका सबै कुराहरू जनाएर पितालाई एउटा पत्र लेख । 5

**अथवा**

नाटक मञ्चनार्थ भवनको निम्ति सम्बन्धित अधिकारीलाई एउटा निवेदन पत्र लेख्नुहोस् ।

15 निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस् : 10

(क) बढ़दौ धार्मिक कुसंस्कार

(ख) पर्यावरण प्रदूषण

(ग) मूल्यवृद्धि अनि जनजीवन

(घ) मेरो जीवनादर्श ।